नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, ज्येष्ठ ८ गते २०१९ साल [संख्या ६

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (समय समयमा भएका संशोधनहरू सहित) को दफा २ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

निम्नलिखित अध्यक्ष र सदस्यहरू भएको सप्तरी (राज बिराज) विशेष अदालत गठन गरिएको छ ।

१. बडाहाकिम सप्तरी गोस्वारा — अध्यक्ष

२. जिल्ला न्यायाधीश, सप्तरी जिल्ला अदालत — सदस्य

३. हाकिम हनुमान नगर माल — ,,

कोशी योजनाको निमित्त अधिकृत गरेको जग्गाहरूमा रैतीको परस्परमा जग्गामा तेरो मेरो भन्ने मुद्दा माल, गोस्वारा, इलाका अदालत, जिल्ला अदालतमासमेत जहां जहां जो जति मुद्दा दायर भएका छन् उक्त मुद्दाहरू सबै झिकी हेरी किनारा लगाउन उक्त विशेष अदालतलाई सुम्पिएको छ ।

आज्ञाले–

मे. ज. क्षेत्रविक्रम राणा

श्री ५ को सरकारका सचिव,

गृह मन्त्रालय ।

आधिकारिकता सुरक्षा प्रयोजनबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मदन विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।